# वाम प्रकाशन–सङ्गठनसँग मेरो सहवास

## खगेन्द्र सङ्ग्रौला

**आरम्भ**

द्वन्द्वरत र गतिमान् परिवेशको झट्काले मस्तिष्कमा उद्दीपन जगाउँदा विचारका तरल तरङ्गहरूले साकार शब्दमा आकार खोज्छन् । र, खुल्दुली भरिएको चञ्चल शब्दले स्वभावत: मस्तिष्कको कैदबाट मुक्त हुन निकास मार्ग खोज्छ । यो खोजी व्यक्तिको जगत्‌सित संसर्ग गर्ने, जगत्‌माथि हस्तक्षेप गर्ने र जीवनमा आफ्नो स्थान र भूमिका पहिल्याउने यत्न हो। उसो त यो रचनात्मक कार्यद्वारा एकबारको अनित्य जुनीको सुन्दर अर्थ खोज्ने उद्यम पनि हो । शब्दको माध्यमले विचार र कलाको सुतीखेती गर्ने मेरो यात्रा त्यतिबेला आरम्भ भयो जतिबेला नवसिकुवाले अचेलजस्तो मेरा रचना छापिदिएनन् भनेर गुनासा गर्ने माध्यमहरूको ठूलै अनिकाल थियो । त्यसैले ऊबेला छापिने ठाउँको सुइँको पाएर मात्र लेखिन्थ्यो । अचेलजस्तो लेखी त हालूँ, गतिलो वा अगतिलो कुनै न कुनै माध्यममा कसै न कसैले कसो छापी नदेला भन्ने वैकल्पिक सौभाग्य लेखकलाई उपलब्ध थिएन ।

उमङ्गमय मेरो युवा मानसमा लेखक बन्ने धून चढ्दै जाँदा प्रकाशन माध्यमका नाउँमा एउटा थियो मूलत: शाही स्तुतिगान र सरकारी भजन छापिने *गोरखापत्र* । त्यसमा शनिबार साहित्यलाई थोरैतिनो ठाउँ छुट्टचाइन्थ्यो । र, अर्को

माध्यम थियो कठोर सेन्सरको जाँचमा उत्तीर्ण हुनुपर्ने साहित्यिक मासिक सरकारी *मधुपर्क*। यी माध्यममा प्रायः कि त तिनका हर्ताकर्ता आफैले अथवा तिनका आफ्ना मान्छेले ठाउँ पाउँथे कि त सत्ताका अनालोचक सेवकहरूले ढलिमली गर्थे । रचना पनि तिनै छाप्थे, दुर्लभ पारिश्रमिक पनि तिनैले खल्तीकरण गर्थे । अपेक्षाकृत स्वतन्त्र विचारका कृतिहरू मुस्किलले यदाकदा *मधुपर्क*का कुनाकानीमा छापिन्थे । निजी क्षेत्रको *रूपरेखा* नामी थियो; र थियो त्यो नाउँ नचलेका लेखकलाई चिहाउन उत्तिकै गाह्रो पनि । भवानी दाइको त्रैमासिक *भानु* हाम्रो संविधानसभाजस्तै अनिश्चित थियो । त्यो कति मासिक भएर आउने हो केही ठेगान थिएन ।

## लाल माध्यमको शरणमा

सुरुमा मेरा केही रचना यिनै चारओटा माध्यममा छापिए । तर, मेरो चेतनामा जब वामपन्थको रङ्ग गाढा हुँदै गयो, मेरा बागी आवेगहरू यी माध्यमका सीमाभित्र नअटाउने हुन थाले । कूटनीतिक शिल्पचातुर्यका साथ प्रतीक र विम्बका छिद्रभित्र लुकाएर विचार र अनुभूति व्यक्त गर्दा धीतै नमर्ने । तातो युवा जोशमा जे पनि प्वाक्क भनेर भ्याप्प दिन मन लाग्ने । माध्यमको अभावमा मलाई अभिव्यक्तिको सङ्कट आइलाग्यो । र, म लालमार्गी सामयिक सङ्कलनहरूको शरण परेँ । काठमाडौँमा पढ्ने कतिपय अञ्चलका युवाहरूले अञ्चल सङ्गठन खोलेका थिए । ती थिए राजनीतिक तथा साहित्यक सत्सङ्ग र विचार आदानप्रदान गर्ने साझा चौतारीहरू । उसो त ती सुलसुलेले नसुन्ने साउतीको भाकामा क्रान्तिचेत फिँजाउने छद्मभेषी साधनहरू पनि थिए । त्यस्तो एउटा थियो गण्डकी विद्यार्थी परिषद् जसले *लालुपाते* निकाल्थ्यो । धौलागिरी विद्यार्थी परिषद्को पनि आफ्नै मुखपत्र थियो । त्रिविका ज्ञानपिपासु तरुण एवं उष्ण वामहरू *द्यौराली* छाप्थे । यी सबै असामयिक मृत्युको पर्खाइमा बस्ने अभागी सामयिक सङ्कलनहरू थिए । लेखनमा थोरै हात बसेको र वाम वृत्तमा सानो नाउँ कमाएको लेखकलाई यिनमा छापिन सहज हुन्थ्यो । यिनमा प्रायः 'उठ, जाग, ठोक, नौलो जनवादविनाको जीवन पनि के जीवन ?' टाइपका रचनाहरूलाई लालसलाम ठोकेर स्वागत गरिन्थ्यो । यता रचनाहरूको प्रकृति यस्तो हुन्थ्यो, उता सेन्सर गर्ने अड्डाका आतङ्कका स्रष्टा भनिकन कहलिएका कालीबाबा नामक अञ्चलाधीश शाही तरबार बोकेर भष्मासुर मुद्रामा घन्टाघरछेउको घुम्ने मेचमा गजधम्म बसेका हुन्थे । सेन्सरको कैँची 'काम्यो लुगलुग त्यो गरिब विचरा त्यसमा दया गर्छ को'का स्रष्टा भीमनिधि तिवारीका करुणामयी हातमा थियो । छनलाई मानिस

ती सरलै थिए तर जागिर धान्नका लागि कठोर बन्नु तिनको विवशता थियो। ती दाल-भात-डुकुको जोहो गर्न पदीय धर्मको पालना गर्दै सम्पादकलाई ठिङ्गे लगाएर सोध्थे – यो भनेको के हो ? त्यो भनेको कसलाई हो ? निरङ्कुश शासक र उसको कुशासनप्रति लक्षित वक्र अभिव्यक्ति कुनै अविदित पात्र र निराकार वस्तुप्रति लक्षित छ भनेर सम्पादकले चर्मरक्षाकारी बयान दिन्थ्यो। तैपनि कैँचीधारीको अकाटच आदेशबमोजिम थुप्रै हरफमाथि कालो भने पोतिन्थ्यो नै। त्यसो गर्दा रचना लय र प्रवाह भङ्ग भएर अर्थ न बर्थको 'ऊँट' हुन पुग्थ्यो। तर, बागी विवेकले सज्जित चतुर सम्पादकलाई प्रकाशनको चोर बाटो थाहा थियो। छाप्ने प्रेसलाई अलिकता घुस खुवाएर पत्रिका र प्रेसको नामविनाका सग्ला प्रतिहरू ऊ सुटुक्क बाहिर निकाल्थ्यो र अन्धकारको घुम्टो ओढेर लाल युवाहरूलाई हातहातै बेच्थ्यो।

स्वतन्त्रताको शिरमाथि दमनतन्त्रको तरबार झुन्डिएको अत्यासलाग्दो समाजमा चेतनाको प्रकाशले औँधी चनाखो भएर अन्धकारमा यात्रा गर्छ। यो त्यही यात्राको रोमाञ्चक कथा हो। कालो पोताइको सिकार भएका मेरा केही कथा यसरी तानाशाहीका आँखा छलेर अक्षत कलेवरमा पाठकहरूका हातमा पुगे। आखिर खाने मुख न हो, त्यसलाई नाथे कालीबाबाका राजभक्त जुँगाले के छेक्थ्यो ? त्यो अवज्ञाकारी पथको दुःसाहसिक कर्मले मेरो मनमा एकतिर उत्ताल उमङ्ग जगाउँथ्यो, अर्कातिर क्लेशकारक भय। जब सरकारी गिद्धेदृष्टिलाई छक्याएर कथा बाहिर आउँथ्यो, सत्ताको कर्तव्यपरायण श्वानरूपी कालीबाबाले सपनामा पक्राउ गरेर मलाई फुका तिघ्रामा भ्याम्भ्याम् सिस्नोपानी लाउँथ्यो।

साहित्यको लाल जगत्मा आवेगी नारा र शिल्पसज्जित अनुभूतिमा रोजाइ प्रायः पहिलोको हुन्थ्यो। अनुभूतिको सूक्ष्मताको र सुललित अभिव्यक्तिको आग्रह प्रायः बुर्जुवा रुचिमा पर्थ्यो। ऊबेला प्रतिस्पर्धाको डबलीमा अस्तित्ववाद र फ्रायडवादको चकचकी थियो। तर, राजनीति र साहित्यको वामवृत्तमा चिन्तन र कलाका यी दुई प्रवृत्ति अस्पृश्यतुल्य मानिन्थे। त्यसैले वाम जगत्को पठनको वृत्त पनि झन्डैजसो एकरङ्गी, एक आयामिक र सङ्कुचित थियो। भोटाहिटीस्थित निरन्जन गोविन्द वैद्यको पसलमा सित्तैमा वा सस्तोमा चिनियाँ प्रचार सामग्रीहरू पाइन्थे। ती खुब पढिन्थे। लेखनको वामवृत्तमा कलाका विचार प्रशोधनकारी उपकरणहरू जान-अन्जान उपेक्षित थिए। गोविन्द भट्ट मानिन्थे नौलो जनवादको अनौपचारिक लोकसेवा पास गरेसरहका एकल मार्गदर्शक। सनातनी मार्क्सवादी सौन्दर्य चिन्तन र समालोचनाबाट डीपी अधिकारी, कृष्णचन्द्रसिंह प्रधान र तारानाथ शर्माहरूले मार्ग परिवर्तन गरेका थिए। र तिनको सट्टा गोविन्द भट्टले एक्लै परम्पराको बिँडो

थामेका थिए । भट्टको दख्खलको विधा दर्शन थियो; सौन्दर्यशास्त्र थिएन । त्यसैले होला, साहित्यमा शिल्पको निथार उनको रुचिको विषय कहिल्यै भएन । उनी स्वयं 'संसारका जनताको जितैजित, साम्राज्यवादीको हारैहार' जस्ता लय र ताल, माधुर्य र स्पन्दनरहित कोरा कुरारूपी शीर्षक टाँगेर कवित्वरहित कविता लेख्थे । गुरुले हाडे ओखरको गेडो नै सुस्वादु गुदी हो भनिदिएपछि चेलाले ओखर फोरेर गुदी खोज्ने लेठो गर्नै परेन । त्यसैले कतिपय प्रतिभासम्पन्न वाम युवाहरू साहित्य नामक आफ्नै काँचा नाराहरूका पर्वतमुनि पुरिएर बीच बाटोमै हराए ।

भवानी दाइ साहित्यमा रुसपन्थी मानिन्थे । उनी प्रगतिशील लेखनमा शिल्पसजावटका मुखर प्रवक्ता थिए । साहित्यमा ठोस विचारको आग्रह र शिल्पपरिमार्जनको मोहको प्रश्नबीच भट्ट र घिमिरेको परोक्ष झडप परिरहन्थ्यो । वैचारिक विकासको त्यो शैशववयमा मलाई भट्टका कुरा सुन्यो भट्टै ठीक, घिमिरेका कुरा सुन्यो घिमिऱ्यै ठीक लाग्थे । घिमिरेसँग प्रकाशन माध्यम थियो । त्यसैले प्रकाशनको प्रलोभनले मलाई उनीतिर डोऱ्याइरहन्थ्यो । उनी थिए वाम झुकावका युवा प्रतिभालाई मलजल र गोडमेल गर्ने अनुरागयुक्त माली । मेरो पहिलो उपन्यास *चेतनाको पहिलो डाँक* (सङ्ग्रौला २०२७) छापिदिएको उनैले त हो । पक्का पनि घाटाको बेपार थियो त्यो ।

वाम वृत्तमा साहित्यको संस्थागत प्रकाशन एउटा धरि थिएन । असहिष्णु र क्रूर सत्ताले आफूसँग असहमत र आफूप्रति आलोचनाकारी पुस्तक खोजीखोजी जफत गरेर प्रकाशन नै डुबाइदिन्थ्यो । अनि डुबिन्छ भन्ने जान्दाजान्दै कसले खोलोस् वाम प्रकाशन गृह ? बीएको जाँच दिएपछि फुर्सदमा बसिबियाँलो गर्ने सुरले म भीयतनामी उपन्यास *द भिलेज दयाट उडन्ट डाइ* उल्था गर्न थालेँ । छापिदिने कसले हो अत्तोपत्तो थिएन । बरु छापिनै नपाई पाण्डुलिपि अँध्यारामै अन्तर्ध्यान हुने सम्भावना प्रबल थियो । मसँग खालि गरिहेर्छु र अनुवादको कला सिक्छु भन्ने ध्याउन्ना थियो । उल्था सकियो, प्रकाशकको जायजन्म भएकै छैन । ऊबेला शशी शेरचन भनिने अहिलेका स्वनाम साथीले पढे । र, उनले भने, चीज ठीक छ । हामी दुईका एक जना साझा साथी थिए, रेफ्रिजेरेटर मिस्त्री केबी श्रेष्ठ । तिनले आफ्नो रोलेक्स घडी बेचेर *अजम्मरी गाउँ (द भिलेज दयाट उडन्ट डाइ*को नेपाली अनुवाद) छापिदिए । पुस्तक बेचेर घडीको पैसा उपर गर्ने मतो त नभएको होइन, तर बेच्न हातहातै बाँडिएका पुस्तकको पैसो हातहातै छरिएर कता बिलायो कता । मित्र केबी घडी गुमेकोमा रत्तिभर खिन्न होइन, लोकोपयोगी पुस्तक छापिएकोमा औधी प्रसन्न थिए । त्यो आदर्शको युग थियो । आदर्शको वेदीमा त्यत्रो दामी घडी बलि चढाउनु चानचुने कुरा होइन ।

बनेपावासी मोहन दुवालले २०२७ सालमा *बिगुल* सुरु गरे। सामयिक सङ्कलनहरू वर्षायामका पानीका फोकाजस्ता थिए। फुत्त प्रकट भयो, प्याट्ट फुट्यो, झट्टै विलुप्त भयो। ती हेरी *बिगुल*ले तैबिसेक दिगो रहने लक्षण देखायो। मेरा लँगौटिया यार टाइपका दुवाल मेरो कथा छाप्न भनेपछि हुरुक्क हुन्थे। उनलाई आस्थाको पातो भर्नु थियो, मलाई उनको पातोमा भरिनु थियो। *बिगुल* जीवित छउन्जेल भर्ने र भरिन रहर गर्नेबीच प्रेमपूर्ण आदान-प्रदान चली नै रह्यो।

२०३० सालतिर दुईओटा साहित्यिक पत्रिका निस्कन थाले, *वेदना* र *सङ्कल्प*। यी दुवै सरकारी स्रेस्तामा दर्ता भएका थिए। *वेदना* कम्निस्टमार्गी चौमको कमान्डमा चल्थ्यो, *सङ्कल्प* मालेको कमान्डमा। दुई उत्साही युवक दिल वरदान र सुवास थिए *वेदना*का देखिने सम्पादक-प्रकाशक। नेपथ्यबाट *वेदना*ले पारिजात दिदी, निनु, रायन र मोहन दुवालहरूको टेको पाएको थियो। *सङ्कल्प*की सम्पादक थिइन् कुन्ता शर्मा। र, त्यसका ध्वजावाहक थिए रामेश र मञ्जुलहरू। विचार र सङ्गतले म परेँ चौमको फड्के किनारामा लुखुरलुखुर हिँड्ने यात्री। त्यसैले म *वेदना*को नियमितजस्तो लेखक हुन पुगेँ। *सङ्कल्प*ले अलिपछि ह्रस्वमुखी उन्माद सुरु गऱ्यो। नेपाली भाषाको ध्वनिप्रणालीमा दीर्घ ईकार र दीर्घ ऊकारको अस्तित्व नै छैन भन्ने ह्रस्वपन्थीहरूको जिरह थियो। तिनले 'श', 'ष' र 'स' को सट्टा एउटै पातलो 'स'बाट निर्वाह चलाउने झोँक पनि थाले। यसको पछाडि नेपाली भाषालाई जटिलताको भ्याउलोबाट मुक्त गरी जनतालाई सजिलो बनाइदिने अति सरलीकृत तर्क थियो। नेपाली भाषाको मर्म र मर्यादाको मानमर्दन गर्ने त्यो बालवत् र भ्रान्तिकारी जिद्दीमा म सहमत भइनँ। त्यसैले अतिवादग्रस्त *सङ्कल्प*देखि बाह्र हात पर बसेँ म। *वेदना*ले २०३५ सालमा मेरो पहिलो कथासङ्ग्रह छापिदियो– *नलेखिएको इतिहास* (सङ्ग्रौला २०३५)। पारिश्रमिक स्वरूप मैले केही थान पुस्तक पाएँ। लेखकका लागि पारिश्रमिक आकाशको फल आँखा तरी मर् भनेजस्तो कालमा मेरा लागि पुस्तक छापिनु नै लाख थियो।

## कलह चौतारी प्रलेकदेखि वैद्यगृहसम्म

२०३६ सालको जनमत सङ्ग्रहको उत्ताल हुन्डरीले झापट दिएर उन्मत्त शाही निरङ्कुशता किञ्चित् निस्तेज भयो। र, समाजका विविध दमित अङ्गहरू मानवोचित जीवनको खोजीमा जुर्मुराएर एकजुट हुन थाले। म चितौनमा थिएँ। यता काठमाडौँमा प्रगतिशील लेखक-कलाकार सङ्घ (प्रलेक) गठन गर्ने धामा सुरु भएछ। र, त्यसमा सदस्यको महलमा मेरो नाम पनि टाँग्ने कुरा उठेछ। त्यो

२००९ सालतिर श्यामप्रसादले बीजारोपण गरेको र पछि उनीसँगै भूमिगत भएको पुरानो प्रगतिशील लेखक सङ्घको नयाँ औतार थियो । त्यो नवीन औतारका संयोजक बनाइए सरकारी चिनारीमा अचेल रघुजी भनिने रघु पन्त । न चिनिएको साहित्यिक चिनारी छ, न बौद्धिक सामर्थ्य छ, न त उमेरजन्य पाकोपना नै छ । प्रलेकजस्तो सङ्घको संयोजक पदमा पन्तको चयन मलाई बालठट्टाजस्तो लाग्यो । त्यसैले त्यसमा सदस्य रहन मैले आनाकानी गरेँ । मलाई काठमाडौँबाट गोविन्द भट्टको चिठी आयो । चिठीमा उनले यो पन्तीय संयोजकत्व अस्थायी चाँजोपाँजो हो र निरङ्कुश दमनविरुद्ध जुध्न आवेगी युवाशक्ति उपयोगी हुन्छ भनेर मलाई सम्झाएका थिए । र, उनी कम्निस्ट पार्टीमा बहुधा प्रयोग गरिने तन्नेरी पुस्ताको जोश र पाको पुस्ताको अनुभवको सुन्दर सङ्गमको चर्चा गर्न पनि चुकेका थिएनन् । भट्टको चातुर्ययुक्त आग्रहलाई शिरोपर गरी म प्रलेकमा सामेल भएँ । सङ्गठनको नाउँ प्रलेक थियो तर काममा भने त्यो कलहचौतारी मात्र भइरह्यो । त्यो कम्निस्ट पार्टीहरू बीचका वैचारिक मतान्तर, अहंका टक्कर र सेखी जुधाउने साझा थलो बन्यो । त्यो कलहमा दुर्गालाल श्रेष्ठ, पद्मरत्न तुलाधर र मल्ल के सुन्दर अनमिनको भूमिकामा थिए । प्रलेक बौद्धिक र रचनात्मक कर्मको उर्वर थलो नभए पनि मेरा लागि चितौनबाट यदाकदा काठमाडौँ आउने गतिलो निहुँ भने भयो नै ।

जनमत सङ्ग्रहपछिको अपेक्षाकृत खुला परिवेशमा मेरो लेखन उत्पीडन र विभेदविरुद्ध मुखररूपले आक्रामक हुँदै गयो । शिक्षक आन्दोलनमा मैले शाही हैकमको नाउँ नकाढीकन त्यसलाई तारो हान्ने गरी ठाउँठाउँमा अग्निवर्षी भाषण ठोकेँ । र, स्वभावतः म सत्ताको झनै कोपभाजन भएँ । चालीस सालमा सीडीओ रामकृष्ण पन्तले हाक्काहाकी मलाई मार्छु भने । लुक्दै र छिप्दै ज्यान जोगाऊ अभियानमा म चितौनबाट काठमाडौँ आएँ । भरतपुरको वीरेन्द्र कलेजमा मेरो आङ्ग्ल भाषाको कामचलाउ टाइपको म्यादी जागिर थियो । सन्काहा रामकृष्णको ध्वाँसले मेरो त्यो लिखुरे जागिर पनि खाइदियो । र, म काठमाडौँमा काम, दाम र मामविनाको फकिर भएँ । समय बियाँल्न वैद्य दाइको पसलमा म दिनदिनै घन्टौँ बस्थेँ । त्यहाँ पढ्नलाई पुस्तक त थिए नै, वैद्य दाइले टक्रचाउने समोसा र चियाले मेरो खाजाको गर्जो पनि टर्थ्यो । एक दिन वैद्य दाइले कुरैकुरामा मलाई इलम दिने कुरा झिके । इलम माओका ठेलीहरू उल्था गर्नु थियो । पहिलो ठेली कृष्णदास श्रेष्ठले उल्था गरिसकेका थिए । उल्थाको सूचीमा अरू तीन ठेली लाम लागेका थिए । इलम मलाई ठीकै लाग्यो । चिनियाँ क्रान्तिको अनुभवको निथार र माओका नवीन विचारलाई नेपालीमा सार्न पनि

पाइने, आनासुकी ज्याला थाप्न पनि पाइने । मलाई दुई हातमा लड्डु हुने भो । तर, मेरो इलमको कुरो ज्यालादरको अक्करमा निकै दिन अड्कियो । कृष्णदासले पहिलो ठेलीको ज्याला कति हात पारे दाइ भनेर सोध्यो, वैद्य दाइ मरिगए कुरो चुहाउँदैनन् । ख्याँस्स मुख फाल्छन् र त्यो कृष्णदासका के कुरा गर्नु भनेर दासजीप्रति रहस्यमय कटाक्ष प्रकट गर्छन् । वैद्य दाइको आँ-बाट मैले सहजै अलङ्कार बुझेँ । बुझेँ के भने कृष्णदासले पक्का पनि ठूलै थैलो बजाएछन् । तर, कति ठूलो ? अहँ, वैद्य दाइ चपाएर कुरो लुकाउँछन् । पैसा नभएर आफूलाई हातमुख जोर्न धौधौ भइसक्यो, सतहमा सोझा देखिने दाइश्री मलाई झुलाउने, गलाउने र कौडीको भाउमा काममा दल्ने दाउमा कटिबद्ध छन् । भोकको आसन्न आतङ्कले मेरो धैर्यको बाँध टुट्न लागिसक्यो, धैर्यवान् वैद्य दाइ भने मौनका मौन छन् । ज्याला कति दिने हो दाइ भनेर म दिनदिनै सोध्छु, विचार गरेर तिमी नै भनन भनेर उनी तर्किन्छन् । कुर्दाकुर्दा आखिरमा दाइका मुखबाट दोस्रो ठेलीको पाँच हजार दिने वचन भुइँमा खस्यो । मैले पाँच होइन छ हजार भनेँ । के खोज्छस् काना आँखो भनेझैँ गरी मखलेल मुद्रामा उनी मन्जुर भए । गोप्य सूत्रबाट पछि चाल पाएँ, कृष्णदासले पहिलो ठेलीको ज्याला बीस हजार रुपैयाँ कुम्ल्याएका रहेछन् । दोस्रो ठेली पहिलोभन्दा दोब्बर ठूलो थियो । त्यसमा वैद्य दाइले मलाई चौँतीस हजार ठगेछन् । के लाग्छ, आखिर विवश जिन्दगीमा मजबुरीको नाम महात्मा गान्धी न हो !

यता वैद्य दाइले मलाई यसो गरे, उता कृष्णदास माङ्साप् तैँले चुत्थो भाउमा मेरो इलम हरिस् भनेर मसँग ठुस्किए । वैद्य दाइ परे नेपाल कम्निस्ट पार्टीका एक संस्थापक सदस्य, कृष्णदास घरेलु साइजको कम्निस्ट पार्टीका सर्वोच्च नेता । यी दुवै कमरेडका ओठमा कम्निस्ट नैतिकताको पाठ अहोरात्र तुन्द्रुङ्ग झुन्डिएको हुन्थ्यो । तर, व्यवहारमा भने तिनको नैतिकताको स्वाँगे थेगो तिनैको कर्मबाट परास्त भयो । र, मानव जगत्को पाखण्डको कुरूप अनुहार हेर्दै म जिल्ल परेँ ।

पेटपालन गर्नलाई मसँग अरू कुनै उपाय थिएन । मजबुर गान्धीपथको निरीह पथिक भएर मैले दोस्रो ठेलीकै दररेटमा तेस्रो र चौथो ठेली पनि उल्था गरेँ । पछि वैद्य दाइले अनुवादको दोस्रो संस्करण छाप्न लागेको कुरो एक सुलसुले सूत्रबाट सुन्नमा आयो । चीनले माओका ठेलीहरू छाप्न वैद्य दाइलाई डङ्गुर पैसा दिएको छ भन्ने वाम वृत्तमा घुइरोघुइरो चर्चा चलेको थियो । वैद्य दाइले कृष्णदास माङ्सापलाई टक्र्याएको विशाल थैलोले त्यो चर्चा पक्कै पनि कपोलकल्पित होइन भनी सहजै लख काट्न सकिन्थ्यो । त्यसैले वैद्य दाइछेउ

हाजिर भएर मैले भनें – दाइ, म बेखर्ची भाछु । दोस्रो संस्करणमा म अनुवादकलाई आनासुकी ज्याला हात लाग्ला कि ? नरम स्वर तर कठोर मुद्रामा दाइ बम्किए – अनुवादको दोस्रो संस्करणमा केको ज्याला ? संसारमा कहीँ नभएको कुरा ! तैपनि स्वाभिमान बास बस्ने शिर झुकाउँदै मैले सविनय बिन्ती बिसाएँ – आखिर लेखक माओलाई चुनदाम पठाइने होइन र घाटाकै बेपार पनि त यो होइन क्यार । अतः... । दाइले यो एक पैसो नाफा नहुने निष्काम कर्म हो भन्ने भावको मन्तव्य दिए । आदर्श लेपन गरिएको त्यो मन्तव्य सुन्दै ट्वाँ परेर म निष्कामकर्मी वैद्य दाइलाई हेरेको हेर्‍यै भएँ ।

जेनतेन जानेको एउटा काम मास्टरी थियो, त्यो छुट्यो । पुँजीवादी बजारमा खाइजिविकाको मेसो मिलाउने वैकल्पिक सीप नहुने नाथेका दुःखै ठूला । दुःखको झोली बोकेर वैद्य दाइको पसलमा म धाइरहें । र, उही ख्याउटे दररेटमा मैले लु स्यूनको जीवनी, उनैको *पुनर्कथित प्राचीन कथाहरू, युवाहरूको गीत, गुनिला चिनियाँ कथामाला* आदि अनुवाद गरेँ । उमेरको ठूलो अन्तरालबाट निःसृत रुचि र रहरको बाझो चलेर होला भन्ठान्छु म, वैद्य जोईपोइको मनको दुरी परैबाट देखिने गरी ह्वात्तै बढ्यो । र, पसलको आर्थिक हकडकको बागडोर दाइका हातबाट फुत्किएर भाउजूका हातमा सर्‍यो । पसलको वातावरण जानै मन नलाग्ने गरी उच्चाटलाग्दो भयो । पसलमा एउटा चतुर कारिन्दा केटो भर्ती भयो । र, त्यही कारिन्दाको रोजाइमा मेरा दुई कथा सङ्ग्रह *सेतेको संसार* (सङ्ग्रौला २०४३क) र *हाँडीघोप्टेको जितबाजी* (सङ्ग्रौला २०४३ख) भाउजूले छापिदिइन् । खल्ती उजाड भएको त्यो उदास घडीमा ती मौलिक सङ्ग्रहबापत थोरैतिनो पैसा पाउँदा हर्षातिरेकका पखेटा चाल्दै म मुक्त आकाशमा उडेको थिएँ ।

कुरो २०४६ सालको हो । कमलादीको जतातत्तै चिरा परेको जराजीर्ण घरपछाडि वैद्य दाइको विशाल बिल्डिङ बनिसकेको थियो । वैद्य भाउजूले मेरो हास्यव्यङ्ग्य नाटक *फाटेको लँगौटी, टालेको दिमाग*को दोस्रो संस्करण (सङ्ग्रौला २०४६) छापिदिने भइन् । छाप्ने हजार थान, लेखकले ज्याला पाउने केही थान गैँडा । हाम्रो मतो यसरी मिल्यो । पुस्तक छापियो । एक दिन एकाबिहानै म ज्याला लिन वैद्य दाइकहाँ हाजिर भएँ । त्यहाँको कारिन्दा केटो मालिक्नीसँग बेखुस भएको रहेछ, उसले ख्यालख्यालमै मसँग भाउजूको कमाउने कलाको पोल खोल्यो । पुस्तक त दुई हजार थान पो छापिएछ ! त्यो कपटकलाबारे सुन्दैमा मेरा कन्चट तातेर आए । र, भाउजूछेउ मैले निवेदन गरेँ – अहो ! कम्निस्टको खोल ओडेर यसरी ठग्ने धन्दा गर्ने ? आज म हल्ला गर्दै तीन सहर घुम्छु । मलाई ठग

भन्ने भनेर भाउजू कुर्लिन थालिन् । भान्साकोठाबाट फुत्त निस्केका वैद्य दाइ पनि आफ्नी जीवनसँगिनीको जोगाउ गर्दै जङ्गिए – हाम्रो घरमा आएर हामीलाई नै ठग भन्ने ? ज्यू-ज्यू – मैले भनेँ, ठगलाई ठग नभनेर के त्यागी जोगी भनूँ त म ? हाम्रो उष्ण वार्तालापमा राग बढ्यो । वातावरण राँकियो । र, जोई-पोइ मिलेर कुट्ने पो हुन् कि भनेर मलाई रमरम डर लाग्यो । अनि सम्भावित अनिष्टबाट जोगिन हत्तपत्त बाटो तताउन खोज्दै ज्यालाको पैसो टेबुलमा पछारेर मैले उद्घोष गरेँ – पुस्तकका छापिएका सबै प्रति जलाइदिनू । त्यस दिनदेखि वैद्य दाइ-भाउजूको पसल र घरमा मैले कहिल्यै पाइलो टेकिनँ ।

## सहमतीय *उत्साह*मा

भन्नलाई प्रलेक विविध प्रवृत्ति अँगाल्ने पात्रहरूको साझा वाम चौतारी थियो । तर, त्यसमा बौद्धिक र रचनात्मक विमर्श भने वर्जिततुल्य थियो । त्यहाँ जे हुन्थ्यो खालि गाँड कोराकोर हुन्थ्यो । कहिलेकाहीँ त गाँड कोराकोर 'तँ-तँ', 'म-म'को तहसम्म गिर्थ्यो । प्रलेकको एक मात्र एजेन्डा राष्ट्रिय सम्मेलन गर्नु थियो । तर, साझा उमेदवार नपाएर त्यो एजेन्डा हालको संविधानसभाझैँ वर्षौंसम्म अक्करमा अड्किरह्यो । चौम पक्ष पारिजात दिदीलाई अध्यक्ष बनाउन चाहन्थ्यो । तर, दिदीको नाम सुन्यो कि माले पक्षका जुधारुहरूका टुप्पीबाट धुवाँ छुट्थ्यो । यदाकदा काशीबाट युद्धप्रसाद मिश्रलाई निम्त्याएर अध्यक्ष बनाउने कुरा पनि चल्थ्यो । तर, चौमका दृष्टिमा मिश्र आफूतिरका भन्दा मालेतिरका बढी थिए । छरपस्ट वाम लेखकहरूलाई चिन्तन र सिर्जनाको साझा सूत्रमा उन्ने मनसुवाले फुर्तिला मानव आनन्ददेव भट्टले साझा सहमति भन्ने सूत्र अघि सारे । र, त्यही सूत्रमा उनिएर पटके *उत्साह*लाई मासिक क्रममा छाप्ने निर्क्योल भयो । *उत्साह*मा विधागत रुचि र दखल हेरी सम्पादनको दायित्व बाँडियो । मलाई कथा विधा पऱ्यो । सम्पादकीय आलोपालो गरी लेखिन्थ्यो । र, गहन छलफलपछि त्यसलाई सदर गरिन्थ्यो । लेखकीय प्रतिबद्धता र लेखकीय स्वतन्त्रताबारे *उत्साह*मा बडो राम्रो विमर्श चल्यो । पार्टी प्रतिबद्धतामा जोड दिने लेखकहरूले आफ्नो पक्षलाई दरो टेको दिन लेनिनको 'अपक्षधरता मुर्दावाद' भन्ने सूत्र समाते । मेरो बुझाइमा लेनिनीय पक्षधरताको अभिप्राय चिन्तन र सिर्जनामा श्रमिक वर्गीय पक्षधरता थियो । र, पार्टी प्रतिबद्धता स्वेच्छिक थियो । तर, लेनिनीय पक्षधरतालाई निरपेक्षरूपले पार्टी प्रतिबद्धता भनेर जबर्जस्ती अर्थ्याउन खोजियो । म चिन्तनको अर्को कोणमा उभिएँ । मैले वर्गीय प्रतिबद्धतासहितको लेखकीय स्वतन्त्रताको पैरवी गरेँ । म सम्बद्ध भएका वाम प्रकाशनहरूमा अर्थपूर्ण ढङ्गले बौद्धिक अभ्यास गरिएको एउटा

थलो सहमतीय *उत्साह* थियो । र, अर्को थियो *पारिजात स्मृतिग्रन्थ* (खरेल, चापागाईं र सङ्ग्रौला २०५१) जसको सम्पादन निनु, रुद्र खरेल र मैले गरेका थियौँ ।

मोदनाथ प्रश्रित कारागारबाट छुटेपछि प्रलेकको राष्ट्रिय सम्मेलन गर्ने एजेन्डाले गति लियो । प्रश्रितको भेषमा आफ्नो खाली आँगनमा लोकप्रिय नायक उपलब्ध भयो र माले पक्ष हौसियो । अध्यक्ष पारिजात कि प्रश्रित ? दुई पक्षबीच तीव्र वाक् पहलमानी सुरु भयो । तर, दुई पक्षबीचको अहंकारको टक्करमा परेर यी दुवै पात्र बदर भए । आखिरमा रमेश विकललाई अखण्ड अनुनय-विनय गरेर साझा अध्यक्ष बसिदिन मनाइयो । र, प्रश्रित महासचिव रोजिए । चौमतिरको अनुरागले म सचिवमा भर्ती भएँ । सम्मेलन भएको दुई साता बित्नु के थियो, मालेगणले प्रश्रितको अध्यक्षतामा जनसांस्कृतिक मञ्च गठन गर्‍यो । त्यो चेष्टालाई प्रलेकको अध्यक्ष पद नपाएका प्रश्रितको पदलोलुप कर्म मानियो । र, नवगठित मञ्च प्रलेकलाई बिथोल्ने समानान्तर सङ्गठन हो भनी आशङ्का गरियो । पारिजात दिदीले प्रश्रितलाई प्वाक्क साइलक[1] भनिदिइन् । र, कलहको अर्को अति तिक्त अध्यायको पर्दा खुल्यो । पारिजात दिदी र प्रश्रितको बोलचाल बन्द भयो । र, प्रलेकको विकलीय कार्यकाल उल्लेख्य कार्य नगरीकनै तुहियो ।

प्रलेकको दोस्रो सम्मेलन हुने भयो । चालु बाझो कार्यकालबाट म विरक्त भएको थिएँ । प्रलेकका आदि कालिगड र *तँ, तिमी, तपाईं, हजुर*का लेखक श्यामप्रसादलाई अध्यक्ष बनाउन मतो मिल्यो । र, महासचिव बन्न मलाई भनियो । श्यामजीजस्ता स्वनामधन्य पात्रको अध्यक्षतामुनि महासचिव बन्न पाउनु गौरवकै कुरा हो भन्ने मलाई लाग्यो । र, मैले 'हुन्छ' भने । मुरारी अर्यालले चाबेलको आफ्नो घरको भुइँतलाको एउटा कोठामा जोगीतुल्य प्रलेकलाई शरण दिए । श्यामजीको निर्देशनमा दैनिक संहिता बन्यो । पदाधिकारी र सदस्यहरू बेलुका ५ बजे हाजिर हुने र समय किटेर स्रेस्तामा हाजिरी जनाउने । आयो, हाजिरी जनायो, मुरारीले टक्र्याएको चिया पियो, धुम्धुम्ती बसिरह्यो । बस्, प्रलेकको अड्डामा अरू केही भएन । न बौद्धिक विमर्श, न साहित्यिक चर्चा, न मनोविनोदी ठट्टा । नाम छ प्रलेक, तर त्यहाँ न प्रगतिशीलताको लक्षण, न लेखकको छ न सङ्घको । त्यो पाँच बजेको कर्मकाण्डीय हाजिरीबाट म छिटै नै वाक्क भएँ । सुनिजानेका श्यामजी किंवदन्तीका जाज्वल्यमान् पात्रजस्ता थिए – विचारमा प्रखर, रचनाशीलता अब्बल र सरलतामा बेजोड । तर, सशरीर

---

[1] सेक्सपियरको नाटक *मर्चेन्ट अफ भेनिस*मा नकारात्मक प्रवृत्तिका एक व्यापारी पात्र ।

उपस्थित हुँदा उनमा सरलतासिवाय अरू कुनै सामर्थ्य देखिएन । मानौँ श्यामजी बौद्धिक जिज्ञासा र रचनात्मक कर्मका दृष्टिले *तँ, तिमी, तपाईं, हजुर* लेखेर सोह्र सालमै छुटे । र, मानौँ त्यसपछि उनी अन्तहीन अर्ती-उपदेशका उदार वितरक मात्र बाँकी रहे ।

मेरो महासचिव्याइँकालमा प्रलेकले दुईओटा काम गर्ने कुरो उठ्यो । एक, प्रलेकको ध्वजामुनि उभिएका शब्दकर्मीहरूको लेखक परिचय सङ्कलन गरी प्रकाशन गर्ने । दुई, सदस्यता विस्तार गर्ने । पहिलो बुँदामा म सहमत भइनँ । लेखकको परिचय उसको लेखनको प्रकाशबाट बन्छ । लेखकको तीनपुस्ते र फोटो अङ्कित परिचयपत्र प्रलेकका भित्तामा टाँसेर कोही पनि लेखक भइँदैन । प्रतितर्कको तीर मतिर ताकियो – लेखक परिचयले लेखकहरूमाझ हिमचिम बढाउँछ र लेखकको मनोबल उकास्छ । तर्कवितर्क निकै दिन चल्यो, तर मतैक्य भएन । र, गर्ने भनिएको पहिलो काम त्यत्तिकै फास्फुस्स भयो । त्यो उत्तम 'फास्फुस्स' थियो । आयो अब बुँदा नम्बर दुई । सदस्यताको विस्तार के आधारमा गर्ने ? प्रगतिशील लेखक हुनुको मापदण्ड के हो र त्यसको निरुपण गर्ने कसले ? हचुवा छलफलपछि एउटा हचुवा मानक रचियो । सामन्तवाद-साम्राज्यवादको विरोध गर्ने र चिनियाँ सांस्कृतिक क्रान्तिप्रति अटल निष्ठा प्रदर्शन गर्ने । पद्यमा भए कम्तीमा दसओटा र गद्यमा भए कम्तीमा पाँचओटा रचना प्रकाशित गरेको हुनुपर्ने । तर, यो सबको निधो कुन आयोगले गर्ने ? आयोग-सायोगको गफ हावा भयो र सदस्यता विस्तारको अभियानले एक तमासले गति लियो । सङ्घमा आफ्नो भीड बढाउन सबै पक्षले आफ्नाहरूलाई उदार दिलले सदस्यता बाँडे । र, प्रलेकमा अलेखकहरूको भीडमा परी लेखकहरू हराउने खतरा दृष्टिगोचर भयो ।

के के न गरिएला भनेर म महासचिव बनेको थिएँ । तर, त्यो महासचिव्याइँ मेरो जीवनभरिको सबैभन्दा उच्चाटलाग्दो समय साबित भयो । र, आइन्दा यो कलहमुखी कर्मकाण्डीय प्रलेकमा म किमार्थ बस्दिनँ भनेर थकित मुद्रामा मैले आफैसँग गोप्य वाचा गरेँ ।

२०५२ साल फागुनमा प्रलेकको अर्को सम्मेलन हुने भयो । फागुन २ गते म पक्राउ परेँ । त्यो माओवादीले विद्रोहको उद्घोष गरेपछिको कुरा हो । छुटेपछि जे सुनेँ, म त्यसबाट खिन्न भएँ । मलाई थुनामा सके बेपत्तै पार्ने गरी राखिएको थियो । बाहिरकाहरूलाई म कहाँ छु थाहा थिएन । खोरबाट थाहा दिने सुविधा मलाई थिएन । म एकलासको चिसो र अँध्यारो सुरुङमा प्याकिस भएको थिएँ । प्रलेकको सम्मेलनमा मेरा कलिला छोराछोरी निन्याउरा अनुहार लिएर निहुरिँदै हाम्रा बालाई खोजिदेऊ भनी गुहार माग्न गएछन् । मेरा छोराछोरीका

उदास र हतास अनुहारबाट द्रवित भएर होला सायद, एमालेइतर पक्षले सम्मेलनबाट मलाई अध्यक्ष रोज्न प्रस्ताव गरेछ । त्यो दमनकारी सत्तामाथि दबाब दिने एउटा सङ्कटकालीन जुक्ति हुँदो हो । तर, प्रस्ताव परास्त भएछ र गोविन्द भट्ट ट्याक्क अध्यक्ष भएछन् । त्यो कर्मको ऐनामा प्रलेकको प्रगतिशीलता, लेखकीय बन्धुत्व र सङ्घत्वको अनुहार हेरेर पछि म फिस्स हासेँ ।

प्रलेकमा २०५७ सालमा बडो रोमाञ्चक रमिता भयो । म भुक्तभोगी बिचरो प्रलेकको सम्मेलनमा जाने मुडमा थिइनँ । अघिल्लो दिन ठट्टैठट्टामा नारायण ढकालसँग भने – म अध्यक्षमा उमेदवारी दिएर प्रलेकको लेउ लागेको अचल तलाउमा एउटा सानो ढुङ्गो हानूँ कि, नारान् ? कुरो सुनेर नारान् जोसिए – हानु दाइ, आखिर जीवन भनेकै अवज्ञा र विद्रोहको अर्को नाउँ न हो । ख्यालख्यालमै कुरो पास भो । रामप्रसाद ज्ञवाली र सुधा त्रिपाठीहरूले उर्लिएर मलाई हौस्याए । र, मैले कीर्तिपुरको त्रिभुवन सदनबाहिर आफ्नो उमेदवारीको उद्घोष गरेँ । पार्टीहरूका गोप्य खोपीहरूबाट उमेदवारहरूको छनोट भइसकेको थियो । छनोटमा जुँगा हेरी भाग लागेको थियो । सबभन्दा ठूलो पार्टीलाई अध्यक्ष, अलि सानोलाई महासचिव, त्योभन्दा सानोलाई उपाध्यक्ष, झिनामसिनाहरूलाई एक थान सदस्य आदि । त्यहाँ योग्यता र क्षमताको कुनै लेखो थिएन । नाम छ लेखक सङ्घ, अझ त्यसमाथि प्रगतिशील, तर सङ्घका टिके कर्ताहरू भने रोबोटको स्वरूपमा माथि पोलिटब्युरोहरूबाट रोजिएर आउँछन् । सम्मेलन भन्नु नै के छ, फगत माथिको आदेशअनुसार कृपाप्राप्त टिकेहरूको घोषणा गर्नुछ । र, भन्नुछ – बन्धुत्वयुक्त सहमतीय विधिबाट प्रलेकमा योग्यतम नेतृत्वको चयन भयो !

नारायण ढकाल मेरा प्रस्तावक बने र रामप्रसाद ज्ञवाली समर्थक । सम्मेलन थलोमा रघु पन्त एमाले महलका निर्णयकारी कर्ताको तुफानी भूमिकामा थिए । तिनले नारायणलाई एकान्तमा लगेर हप्काउन खोजे – नारान्जी, तपाईं एमाले भएर विजातीय तत्त्वको प्रस्तावक बन्ने ? जब्बर स्वभावका नारान् न ठहरिए, तिनको पालो मैले आजका मितिले तिम्रो पार्टी परित्याग गरेँ भन्ने बेहोराको राजीनामा रघु पन्तका हातमा टक्र्याए । आफ्नो हैकमी कोर्राले हारेको देखेर रघुबाबु वाङ खाए । मैले जब उमेदवारी दर्ता गरेँ, लेखकभन्दा बढी अलेखकहरू भएको भीडमा खैलाबैला मच्चियो । सबै गुट आआफ्नो भागमा परेका पदहरू जोगाउन लिट्टी कसेर लागे । र, तिनले तोकिएको पदीय भागबण्डाको सूची बनाएर मतदाताहरूलाई बाँडे । मत तलमाथि गर्नेहरूलाई पार्टीले कडा कारबाई गर्ने ह्वीप जारी गर्न पनि ती चुकेनन् ।

उमेदवारीको मन्तव्य दिन म उठेँ । र मैले करिबन यसो भनेँ – लेखक सचेत, स्वतन्त्र र स्वाभिमानी जीव हो । लेखक कतैका कसैको गोटी, प्यादा वा रोबोट होइन । हजुरहरूलाई केवल यही कुरा भनूँ भनेर म उमेदवार भएको हुँ । म बोल्दाबोल्दै लेखक दीर्घाबाट गङ्गाप्रसाद उप्रेती कुर्लिए – त्यसको मुख थुन ! मेरो समर्थनकारी महलबाट कसैले प्रतिवाद गऱ्यो – मुख थुन भन्नेको मुख थुन ! यसरी प्रलेकको अचल तलाउमा एउटा तरङ्ग उठ्यो । र, उमेदवारी दिएको ठीकै भएछ भन्ने मलाई लाग्यो ।

लेखक, अर्धलेखक र अलेखक गरी सम्मेलनमा चानचुन चार सय मतदाता थिए । मलाई हदै भए त्यै दस-पन्ध्र भोट पाउँला भन्ने लागेको थियो । तर, भोट पाएँ त्रिसठ्ठी थान । ती एमालेका असन्तुष्ट लेखकहरूका भोट थिए । अघि नै भनेँ, विचार र सङ्गतका हिसाबले म चौमको नजिक थिएँ । तर, मेरो उमेदवारीको सबैभन्दा चर्को विरोध चौमकै मेरा असल मित्रहरूबाट भयो । त्यो माथिकाहरूको कृपाबाट प्राप्त मूल्यवान् कोटाको रक्षा गर्ने बाध्यात्मक उपाय थियो ।

बस्, कर्मकाण्डीय प्रलेकसितको मेरो नाताको छोटो कथा यहीँ तुरियो ।

## वाम अखबारहरू र *मूल्याङ्कन*मा

सम्झन्छु, २०२६ सालतिर गोविन्द वियोगीको देब्रे ढल्कुवा रातो *मातृभूमि*मा मेरो पहिलो अखबारी टिप्पणी छापिएथ्यो । त्यो टी.आर. विश्वकर्माको हौसलाकारी कर्मको फल थियो । पछि २०४४ सालमा *गर्जन*बाट मैले स्तम्भ लेखन सुरु गरेँ ।[२] म कुनै दलको छातामुनि उभिएको थिइनँ । लेखकका रूपमा सबै टुक्रे वामको साझा कुल्लीतुल्य थिएँ म । प्रत्येक पार्टीका अखबारी मुखपत्र थिए । लेखक नपुगेर पाता भर्न तिनलाई धौधौ हुन्थ्यो । र, मछेउ ती सविनय हात पसार्थे । मैले एमालेको *दृष्टि*मा लेखेँ, मालेको *प्रकाश*मा लेखेँ, चौमको *जनएकता*मा लेखेँ र अहिले माओवादी कहिने पहिलेको मोटो मशालको *जनादेश*मा लेखेँ । मैले कहिले कसैले उठान गरेको विमर्शमा घर्षण पैदा गर्न लेखेँ, कहिले घर्षणलाई आमन्त्रण गर्न बौद्धिक विमर्शको उठान गर्ने मनसुवाले लेखेँ । पछि फर्केर गम्दा अहिले मलाई म सबैको पातो भरिदिने सोह्र श्राद्धको पुरेतजस्तो पो भएछु कि भन्ने पनि लाग्छ । लेख्नलाई थुप्रो लेखेछु । तत्क्षणको विमर्शमा त्यो लेखनले केही गऱ्यो होला । तर, दीर्घकालीन प्रासङ्गिकताका दृष्टिले त्यो लेखन हिँड्दै छ, पाइला मेट्दै छ जस्तो पो भएछ कि !

---

[२] अखबारी स्तम्भ लेखनको यात्राबारे मैले यसअघि यसै जर्नलमा लेखिसकेको छु (हेर्नुहोस् सङ्ग्रौला २०६७) ।

इतिहासको रङ्गमञ्चबाट सोभियत सङ्घ विलुप्त भएपछि हन्टिङटनदेखि फुकुयामासम्मले चुसाहा पुँजीवादको चिरन्तन विजय र समाजवादको अन्तिम हारको उन्मादी झन्डा उठाए। यता मार्क्सवादको महत्ता र समाजवादको प्रासङ्गिकताको झन्डा उठाउन हामीले *मूल्याङ्कन* मासिक सुरु गऱ्यौँ। त्यो विविध प्रवृत्तिका वाहक वाम बौद्धिकहरूको सङ्गम थलो थियो। त्यसमा सल्लाहकारहरूको लाममा साहित्यकारको कोटामा मेरो नाम पनि पर्न गयो। म स्वामित्व र अपनत्वको भावनासहित *मूल्याङ्कन*मा लागेँ। पछि किशोर जमातलाई बौद्धिक खुराकी दिन *मूल्याङ्कन*कै झन्डामुनि *नवयुवा* मासिक छापिन थाल्यो। *नवयुवा*मा मैले झन्डै चार वर्ष लगाएर आफ्नो बाल र किशोर वयको संस्मरणमाला लेखेँ। बाल र किशोर वयमा मेरा दृष्टिमा परेको तहगत ग्रामीण जीवन, विभेद, अन्याय, शोषण र दमनका कथाहरू त्यहाँ कहिए। त्यो मेरो मानसिकता र मनोविज्ञानको निर्माण एवं जगत्‌लाई हेर्ने मेरो शैशवकालीन दृष्टिको रचनाको कथा पनि हो। त्यो लेखन मेरो समग्र लेखनको एक अर्थपूर्ण प्रकरण साबित भयो।[३] वास्तवमा लेखन क्षेत्रमा म बामे सरेको, मैले टुकुटुकु र फटाफट हिँड्न सिकेको वाम प्रकाशनको पाठशालामै हो। त्यसैले प्रकाशनको वाम जगत् मेरो स्मरणीय मातृसंस्था हो।

## कृतज्ञता

माओवादी जनयुद्धको गगनभेदी गर्जनसँगै मेरा अनुवादहरूको माग ह्वात्तै बढ्यो। सडकछेउका कौलदेखि पेटीसम्म माओवादी रचनाहरू बेच्ने पसलहरू खुले। तिनले आफ्नो पसलमा पाइन हाल्न एक न एक लाल पार्टीको लाल छाता ओडेका हुन्थे। तिनमध्ये कतिले मसँग सोधेर र कतिले सोध्दै नसोधी मैले उल्था गरेका *अजम्मरी गाउँ, युवाहरूको गीत र माओका सैनिक रचनाहरू* छापे। सोध्नेहरूले मलाई आनासुकी ज्याला दिने वाचा पनि गरे। तर, दिने बेलामा कि त ती दृश्यबाटै अलप भए कि त तिनले सेनाले जम्मै पुस्तक जफत गऱ्यो भनेर मलाई ढाँटे। तथापि, प्रकाशन फाँटका यी सारा 'प्रगतिशील' ठगहरूसित म कृतकृत्य छु। यी थिए र नै त मेरा अनुवादहरू पाठकहरूछेउ पुगे।

आफू हुर्किएको वैचारिक परिवेश र आफू हिँडेको बाटोबारे मेरो मत बाटो फेर्ने मञ्जुलहरूको भन्दा फरक छ। प्रलेक र सङ्कल्पका भयङ्कर जोदाहा एवं

---

[३] *नवयुवा*मा छापिएका केही संस्मरणहरू सङ्गृहीत गरेर पुस्तक प्रकाशित गरिएको छ (हेर्नुहोस् सङ्ग्रौला २०६४)।

ह्रस्ववादका थामिनसक्नु अभियन्ता मञ्जुल अहिले थकित भएर निस्सार रूपवादको स्वाँगे चौतारीको शरण परेका छन् । र, ती आफू हिँडेको बाटो र आफू हुर्किएको वैचारिक परिवेशलाई सराप्दै थुक्छन् । म न सराप्छु न त थुक्छु नै । इतिहासको आवश्यकता र संयोगले मेरो नियतिसामु राखिदिएको बाटो र परिवेश यही थियो जो मलाई प्राप्त भयो । म जे भएँ र मैले जे गरेँ, यही बाटो र परिवेशको सहाराले भएँ र गरेँ । म आफ्नी जन्मदातृ आमालाई सधैँ कृतज्ञतायुक्त आदरभावका साथ सम्झन्छु ।

## सन्दर्भसामग्री


खरेल, रुद्र, निनु चापागाईं र खगेन्द्र सङ्ग्रौला, सं. । २०५१ । *पारिजात स्मृतिग्रन्थ*। काठमाडौँ : पारिजात स्मृति केन्द्र ।

सङ्ग्रौला, खगेन्द्र । २०२७ । *चेतनाको पहिलो डाँक*। काठमाडौँ : भानु प्रकाशन ।

सङ्ग्रौला, खगेन्द्र । २०३५ । *नलेखिएको इतिहास*। काठमाडौँ : वेदना प्रकाशन ।

सङ्ग्रौला, खगेन्द्र । २०४३क । *सेतेको संसार*। काठमाडौँ : प्रगति प्रकाशन ।

सङ्ग्रौला, खगेन्द्र । २०४३ख । *हाँडीघोप्टेको जितबाजी*। काठमाडौँ : प्रगति प्रकाशन ।

सङ्ग्रौला, खगेन्द्र । २०४६ । *फाटेको लँगौटी, टालेको दिमाग*। काठमाडौँ : प्रगति प्रकाशन ।

सङ्ग्रौला, खगेन्द्र । २०६४ । *सम्झनाको ऐनाका तस्बिरहरू*। काठमाडौँ : अन्तर्क्रिया प्रकाशन ।

सङ्ग्रौला, खगेन्द्र । २०६७ । स्तम्भ लेखन : एक वक्र यात्रा । *मिडिया अध्ययन* ५ : २८५-३०४ ।




## चौतारी पुस्तक शृङ्खला - ६०

मार्टिन चौतारीका मिडिया अनुसन्धानकर्ता देवराज हुमागाईं, शेखर पराजुली, हर्षमान महर्जन र अर्जुन पन्थीद्वारा लिखित पुस्तक *मिडिया तालिम : नेपाली अभ्यासको लेखाजोखाले* मिडियाका जनशक्तिलाई लक्षित गरेर नेपालमा भइरहेका मिडिया तालिमको साङ्गोपाङ्गो जानकारी दिन्छ । पुस्तक सात अध्यायमा विभाजित छ । नेपालमा मिडियासम्बन्धी के-कस्ता तालिम भइरहेका छन्, तिनका विषयवस्तु वा पाठ्यक्रम कस्ता छन्, तालिम दिने र लिने प्रक्रियामा को-को सहभागी छन्; यी र यस्तै जिज्ञासाहरूको समाधानका लागि पुस्तक पठनीय छ । पुस्तकले तालिमका लागि आर्थिक स्रोत कसरी जुटिरहेको छ र तालिमका उपलब्धिबारे सम्बन्धित क्षेत्रका व्यक्तिहरूको धारणा के छ भन्ने सम्बन्धमा पनि विशद अध्ययन प्रस्तुत गरेको छ । पत्रकारिताको औपचारिक शिक्षण र तालिमको अनौपचारिक प्रशिक्षणबीचको निकटता र दूरता केलाउँदै विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको मिडिया पाठ्यक्रमको विवेचनासमेत गरिएको छ ।

प्रस्तुत पुस्तकले नेपालमा मिडिया तालिमको अभ्यासका क्रममा देखिएका सकारात्मक र कमजोर प्रवृत्तिबारे वस्तुगत मूल्याङ्कन प्रस्तुत गरेको छ । मिडियासम्बन्धी तालिममा संलग्न प्रशिक्षक र प्रशिक्षार्थी, अध्ययनमा संलग्न विद्यार्थी र प्राध्यापकका साथै पत्रकार र जिज्ञासु सबैका लागि पुस्तक पठनीय र उपयोगी छ ।